आज मिति २०८२-०८-२४ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवरको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | नारायण प्रसाद पाण्डे | प्र.प्र.अ. | छत्रदेव गा.पा. ७ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

कार्यपालिका बैठक संख्या:- ०८

मिति २०८२/०८/२४ गतेको बैठक

प्रस्तावहरु:-

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।

२. कंकेदेउराली जलाशयुक्त तथा वृहत खानेपानी आयोजनाको लागि स्रोत सुनिश्चितता सम्वन्धमा ।

३. जनज्योती क्याम्पस पुर्वाधार निर्माणको लागि स्रोत सुनिश्चितता सम्वन्धमा ।

४. सडक बोर्डको रकम माग सम्बन्धमा ।

५. राष्ट्रपति रनिङ्ग सिल्ड सम्बन्धमा ।

६. शिक्षक अवकाश कोष कार्यक्रम सम्बन्धमा ।

७. उत्कृष्ठ कार्य सम्पादन भएका विद्यालयलाई अनुदान दिन सूचना गर्ने सम्वन्धमा ।

८. ICT ल्याव व्यवस्थापन पुस्तकालय फिक्सिङ्ग कार्यक्रमको सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

९. आर्थिक सहायता सम्बन्धमा।

१०. विविध।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

निर्णयहरु:-

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०८/०५ गते बसेको कार्यपालिका बैठकमा रिपुरे खोलाको पुलको रकम भुक्तानी सम्बन्धमा, कृषि तथा पशु कार्यक्रम सञ्चालन कार्यविधि २०८२ सम्बन्धमा, जनसेवा आधारभूत विद्यालयको जिर्ण भवन भत्काउने सम्बन्धमा, बाँझकटेरी मेघगंगा मा.विमा सट्टा शिक्षक सम्बन्धमा, प्राविधिक विज्ञापन गर्ने सम्बन्धमा, कंकेदेउराली अतिथी गृहको लागि जग्गा छनोट सम्बन्धमा, प्राविधिक कर्मचारीलाई सुविधा उपलब्ध गराउने सम्बन्धमा, आर्थिक सहायता सम्बन्धमा समिक्षा गरियो ।

२. यस मदाने गाउँपालिका वडा नं. ६ मा कंकेदेउराली जलाशयुक्त तथा वृहत खानेपानी आयोजनाको सञ्चालन गर्नको लागि खानेपानी तथा ढल व्यवस्थापन विभागबाट प्राथमिकता निर्धारण गरी राष्ट्रिय योजना आयोगमा बजेट विनियोजनको प्रक्रिया समेत रहेको, उक्त आयोजनाको IEE समेत भएकोले उक्त आयोजनाको लागि यस गाउँपालिकाबाट रु दश लाख बराबरको स्रोत सुनिश्चितता गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

३. यस मदाने गाउँपालिका वडा नं. ६ मा रहेको जनज्योती क्याम्पसको पुर्वाधार निर्माणको लागि सत्तरी लाख विनियोजन भएको तथा प्राविधिकको लागत अनुमान बमोजिम रु पाँच लाख असी हजार बराबरको रकम अपुग भएको हुँदा यस गाउँपालिकाबाट सो बराबरको स्रोत सुनिश्चितता गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

४. यस मदाने गाउँपालिकामा कार्यान्वयन हुने सडक बोर्ड नेपालको योजना मदाने गाउँपालिका वडा नं. १ अग्लुङ्गमा कार्यान्वयन गर्ने गरी सडक बोर्डलाई पत्राचार गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

५. यस मदाने गाउँपालिकामा प्रत्येक वर्ष सञ्चालन हुने राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताबाट खेलाडी छनौट मिति २०८२ माघको ६, ७ र ८ गते गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

६. यस मदाने गाउँपालिकामा कार्यरत स्थायी प्रकृतिका शिक्षकहरुको लागि स्वैच्छिक शिक्षक अवकाश कोष कार्यक्रम कार्यविधी २०७९ अनुसार शिक्षक अवकाश कोष कार्यक्रममा सहभागि हुन चाहने शिक्षकहरुको लागि स्वैच्छिक शिक्षक अवकाश प्रोत्साहन कार्यक्रमको सूचना निकाल्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

७. यस मदाने गाउँपालिकामा उत्कृष्ट कार्य सम्पादन भएका विद्यालयलाई अनुदान दिन कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत रहेर सूचना गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

८. यस मदाने गाउँपालिकामा ICT ल्याव व्यवस्थापन पुस्तकालय फिक्सिङ्ग कार्यक्रमको  गि कार्यक्रम कार्यान्वयन कार्यविधि आर्थिक वर्ष २०८२/०८३ अन्तर्गत रहेर सूचना प्रकाशन गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

९. मदाने गाउँपालिका भित्र बसोवास गर्ने आर्थिक रुपमा अत्यन्तै कमजोर देहायका नागरिकहरुलाई गरिबीका कारण उपचार गर्न नसकेका तथा विभिन्न समस्यामा रहेका तपसिलका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिलः-

| क्र.स. | नाम, थर | ठेगाना | समस्या | आर्थिक सहायता | कै. |
|---|---|---|---|---|---|
| १. | लुम बहादुर दमाई | मदाने-०४ | आगोलागीमा बाइते | ५,०००/- | |
| २. | गोम बहादुर खत्री | मदाने-०५ | मुटु रोगी | ५०००/- | |
| ३. | कल्पना चुदारा | मदाने-०६ | मुटु रोगी | ५०००/- | |
| ४. | लक्ष्मी घिमिरे | मदाने-०६ | दिर्घ रोगी | ५०००/- | |
| ५. | किसन परियार | मदाने-०६ | थाईराइड रोगी | ५०००/- | |
| ६. | भक्त बहादुर खत्री | मदाने-०५ | काजकिरिया खर्च | ५०००/- | |
| ७. | कृष्ण बहादुर बोहोरा | मदाने-०६ | ढाडको समस्या | ५०००/- | |
| ८. | खुमान चुदारा | मदाने-०६ | पथ्थरीको समस्या | ५०००/- | |

१०. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या ०८ (आ.व. २०८२/०८३) को मिति २०८२/०८/२४ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष